धानको खेत देखिन्थ्यो । जसको मन्द पवनको प्रवाहले धानको सुनौला बाला यसरी झुलिरहेको थियो मानौं प्रकृति श्रमप्रिय किसानहरुको झोलीमा दुवै हातले दान दिन उचालिरहेका थियो । अगाडि ग्रामीण महिलाहरु पहाडी भेषभूषामा टाउकोमा घाँसको भारी बोकेर आइरहेको देखिन्थे । यति बिहानै घाँसको भारीका साथ उनीहरु फर्केको देखेर अनुमान लगाउन सकिन्थ्यो कति छिटो निद्रा त्यागेका रहेछन् । यही नै ग्रामीण जीवनको सजिलो प्रक्रिया हो । छिटो सुत्ने र छिटो उठ्ने । ठूला नगरमा जीवनको विल्कुल विपरीत ढिलो सुत्ने र ढिलो जाग्ने काम हुन्छ । तिललाग गाउँबाट नेपालको राजधानी काठमाडौं नजिकै रहेछ । तर पहाडको उचाइको कारण उसको झलक हामीले पाएनौं । हामीले अनुमान लगायौं राजधानी नजिक हुनाका कारण यो गाउँमा विकासमूलक गतिविधिहरुका लागि निकै सुविधाहरु प्राप्त भए होलान् ।

काठमाडौंको झलक पाउनाका लागि उत्कण्ठका साथ हामी पहाडको यात्रा चढ्दै थियौं । अन्ततः करिब आठ बजे पहाडको चुचुरोमा पुग्यौं र सास फेऱ्यौं, जसको लागि हामी व्यग्र प्रतीक्षित थियौ. । हामीलाई यस्तो लाग्यो बिहार राज्यबाट सुरु भएको हाम्रो यात्रा अब चरम सीमामा आएको छ । चारैतर्फ यस्तो दृश्य देखियो जसलाई शब्दमा बाँध्न मुस्किल भइरहेको छ । काठमाडौं शहर अब यस्तो देखिन लाग्यो मानौं ऊ हामीलाई यथाशीघ्र आउनाका लागि निमन्त्रणा दिइरहेको छ । त्यो पहाडको उचाइबाट चाँदी सरह चम्किरहेका नगराज हिमालको दर्शन हामीलाई भयो । त्यसै त हामी जन्मैबाट पहाड देखिरहेका थियौं तर उसको सौन्दर्यको अनुभूति र आँकलन हामीले गरेका थिएनौं । उसलाई देख्ने, सम्झने दृष्टि अब हामीलाई प्राप्त भयो । हामी जुन पहाडलाई पार गर्दै त्यहाँसम्म पुगेका थियौं उसको अगाडि देखिन्थ्यो धवल हिमालयको शृङ्खलाबाट जुन हाम्रो प्रसन्नताले भरिएको थियो । सूर्यको स्निग्ध किरणले शितल पवनको आनन्द लिनको लागि हामी केही समय रोकियौं । त्यसपछि गोरेटो हुँदै हामी ओरालीको यात्रा सुरु गऱ्यौं ।

बाटोमा धेरै मानिससँग भेट्यौ किनभने त्यो बाटो हुँदै आसपासका गाउँलेहरु काठमाडौं जाने-आउने गर्दथे । ओरालो यात्रा समाप्त भएपछि काठमाडौंको चेकपोष्टतर्फ अगाडि बढ्यौं, जहाँबाट पूरै नेपालका मानिसहरुको आवागमन सुरु हुन्छ । करिब बीस किलोमिटरको यात्रा पूरा गरेर लगभग ११ बजे दुगडजीको फ्रूटी कारखानामा पुग्यौं जुन नेपालमा प्रख्यात छ । विश्रामको लागि हामी त्यहाँ रोकिनु थियो ।

## काठमाडौं वास

त्यस दिन हाम्रो विश्राम तुंगलस्थित तुलराम दुगडजीको फ्रूटी कारखानामा भयो । दिउसो काठमाडौं जैन महिला मण्डलका प्रमुख सदस्यहरु दर्शनको लागि आउनुभयो । कैयौं दिनपछि नगर प्रवेश गर्नुपूर्व कुनै संघ-संस्थाका प्रतिनिधिहरुको आगमन भएको थियो । एक धार्मिक वातावरण बन्यो । उनीहरुसँग जुन सद्वार्ता भयो त्यसले मनमा धर्मको प्रति आभाष बढेको हामीलाई अनुभव भयो । उहाँसँग कुराकानी भएपछि पुराना स्मृतिहरुको याद आयो । श्री दुगडजी पहिला नेपाली जैन श्रावक हुनुहुन्थ्यो । उहाँसँग करिब बाह्र वर्ष पहिले भारतको चेन्नाइमा भेट भएको थियो । पहिले परिचित मानिसहरुसँग भएको भेटवार्ताले पुनर्मिलन भइरहेको स्मृति हुन्थ्यो । सम्बन्धमा नयाँ प्रगाढता भरिएको अनुभूति हुन्थ्यो । दुगडजीको कारखानामा हाम्रो राम्रो सेवाभाव भएको थियो । नेपाल जैन परिषद्का महासचिव राजेन्द्रकुमार वैद आफ्ना साथीहरुका साथ राती हाम्रो काठमाडौं प्रवेशको कार्यक्रम सुनिश्चित पार्न आउनुभयो । काठमाडौं प्रवेशको कार्यक्रम ८ मार्चबाट शुरु हुने तय भयो ।

हामी काठमाडौं शहरको उपनगर कालीमाटीमा वीरेन्द्रकुमार हिरावतको भवनमा ७ मार्चलाई बितायौं । शहरका जैन समाजका श्रावकहरुको आगमन भइरह्यो । आगन्तुकहरुमा प्रवीण भाइ मेहता पनि हुनुहुन्थ्यो । श्रावकहरुको उत्साह र धर्मानुराग देखेर हामीमा ठूलो खुशी छायो ।

अर्को दिन अर्थात् ८ मार्चको बिहान नेपाल जैन परिषद्का प्रमुख

श्रावकहरु र उनका सहयोगीको उपस्थितिमा काठमाडौं प्रवेशका लागि हामीले खुट्टा उचाल्यौं । काठमाडौं शब्दको उत्पत्तिको स्रोत के हो ? भनिन्छ यो कल्पतरु अर्थात कल्पवृक्ष शब्दबाट बनेको छ, जुन हरप्रकारका इच्छा पूरा गर्ने रहस्यमय वृक्ष मानिन्छ । हिन्दू धर्मग्रन्थहरुमा यसको पूरा वयान मिल्छ । हिन्दू पौराणिक मतअनुसार यो स्वर्गको एउटा रहस्यमय वृक्ष हो । अर्को मतअनुसार काठमाडौं काष्ठमण्डप शब्दको अपभ्रंश रुप हो । काठमाडौंमा काठद्वारा निर्माण गरिएको धार्मिक तथा पूजा स्थलहरुको बाहुल्यता रहेको छ। काष्ठमण्डप नामको एउटा अति प्राचीन मन्दिर छ, जुन एकै वृक्षको काठद्वारा निर्माण गरिएको छ। यो आफैमा एक अदभूत मन्दिर हो। यसको निर्माण राजा लक्ष्मीनरसिंह मल्लले गरेका थिए ।

नेपाल शब्दको व्युत्पत्ति 'निप' शब्दबाट बनेको छ, जसको अर्थ हुन्छ उपत्यकामा रहने मानिसहरु । 'निप' शब्दबाट 'नेपार' भयो । पछि कालान्तरमा उच्चारणका कारण 'र' ठाउँमा 'ल' ले लियो । यस प्रकार नेपाल शब्द बन्यो । केही विद्वान्हरुको मान्यताअनुसार 'ने मुनिना पालितम् नेपालम्' अर्थात् मुनिहरुद्वारा सेवा गरिएको 'नेपाल' हो । विश्वामित्र, कपिल, याज्ञवल्क्य, राजा जनकजस्ता महान् महर्षिहरुको दिव्य सन्देशले यो भूमि कृतार्थ भएको छ । गौतम बुद्ध र प्रभु महावीरको करुणाले यो भूमि अनुप्राणित भएको छ । यो कहिले किरात देशको नामले पनि चिनिन्थ्यो । महाभारतको युद्ध सुरु हुनुभन्दा पहिले अमोघ 'पशुपातास्त्र' को सिद्धिका लागि महान् धनुर्धर अर्जुनले यो क्षेत्रमा आएर बज्रासन मुद्रामा शिव आराधना गरेका थिए, जसको महाकवि भारवीद्वारा रचित 'किरातार्जुनियम्' मा विस्तारमा वर्णन गरिएको छ । सम्राट चन्द्र गुप्तका शासनकालका शिलालेखमा यो ज्ञात हुन्छ कि 'प्रत्यूत' देशको रुपमा पनि यो चिनिन्छ । प्रत्यंत देश अर्थात् छिमेकी मुलुक नेपालको वर्तमान राजतन्त्रको इतिहास करिब ढाइ सय वर्ष पुरानो छ। अहिले लोकतन्त्रको प्रयोगबाट गुज्रिरहेको छ ।

काठमाडौंको चाक्ला र अनुरक्षित सडक र मुख्य बजार हुँदै हामी जैन परिषद्को कमलपोखरीस्थित जैन भवनतर्फ लाग्यौं । सिंहदरबारसहित काठमाडौंका सबै प्रमुख स्थान हुँदै हामी जैन भवन पुग्यौं, जहाँ हाम्रा स्वागतका लागि ठूलो सङ्ख्यामा मानिसहरु उपस्थितबाट थिए । त्यसमध्ये जैन समाजका प्रमुख नेपालका सुप्रसिद्ध उद्योगपति हुलाससचन्द्र गोल्छा, तुलाराम दुगड, तेरापन्थी समाज, श्वेताम्बर मूर्ति पूजक, दिगम्बर समाजका विशिष्ट श्रावक-श्राविकाहरु उपस्थित हुनुहुन्थ्यो । उनीहरुको उपस्थिति विभिन्न धार्मिक विधिविधानको एक आनन्ददायक संगम कायम भइरहेको थियो । उनीहरुसँग जुलुसको रुपमा हामीले जैन परिषद्को विशाल भवन परिसरमा प्रवेश गर्‍यौं । मुख्य द्वारबाट प्रवेश गर्दै जैन मन्दिरको दर्शन हुन्छ, जसको विशेषता यो हो कि त्यहाँ दिगम्बर र श्वैताम्बर दुवै सम्प्रदायको मन्दिर छ । माथि श्वेताम्बर भगवानको मूर्ति विराजमान छ भने तल दिगम्बरको । जैन भवनको दोस्रो तलास्थित तेरापन्थ कक्षमा गएर जुलुस हाम्रा लागि आयोजित स्वागत सभामा परिणत भयो । जैन महिला मण्डलको तर्फबाट स्वागतगीत गाउँदै स्वागत समारोह सुरु भयो । अनेकौं वक्ताहरुले स्वागत भाषण दिनुभयो । चारै सम्प्रदायका वरिष्ठ श्रावक-श्राविकाहरुले आफ्ना भावपूर्ण अभिव्यक्ति उद्गार गरे । सारा कार्यक्रम हिन्दी भाषामा भएको थियो । जसको कारण यो विल्कुल अलग लागेन कि यो सभा नेपालको राजधानीमा आयोजित भइरहेको छ । विशुद्ध हिन्दी भाषाको प्रयोग भइरहेको थियो । यो सभा नेपाल र भारतका बीच मैत्रीपूर्ण सम्बन्धको रोचक उदाहरण प्रस्तुत भइरहेको थियो ।

तर मानवमन एकरसताभन्दा माथि उठेर भिन्नतातर्फ दौडन्छ । त्यो भिन्नतामा एक विशेष स्वाद र आकर्षण प्रतीत हुन्छ । जस्तो मिठासको बीचमा तीतोकरेलाको स्वाद रुचिकर लाग्छ, त्यस्तै प्रकार हिन्दीमा दिइरहेको धाराप्रवाह भाषणका बीचमा हाम्रा सांसारिक साथी तेजप्रकाश पौडेलको विशुद्ध नेपाली भाषामा भएको भाषणले हामीलाई रुचि लाग्यो । उहाँले उपस्थित

जनसमुदायमा विशुद्ध नेपाली भाषामा हाम्रो परिचय दिनुभयो र किशोरावस्थामा भएको सुखद क्षणको याद गर्नुभयो । उनको भाषणले श्रोताहरुलाई मन्त्रमुग्ध पाऱ्यो । उनको भाषणबाट हामीलाई लाग्यो हामी नेपालको काखमा पुगेका छौं । अनेक वक्ताहरुको स्वागत भाषणपछि लघु मुनि पद्‌मराजजीले सभालाई सम्बोधन गर्नुभयो । हाम्रो प्रवचनपछि स्वागत समारोह समापन भयो ।

मैले आफ्नो प्रवचनमा मानव सेवा र धर्मका बारे विशेष जोड दिएँ । मानव जन्मको सार्थकता यसैमा छ कि उसले दु:खी, पीडित मानवजातिको सेवामा नि:स्वार्थ भावले अर्पित हुन सकोस् । मानिस जन्मबाट मृत्युसम्म विविध गतिविधिमा संलग्न हुन्छ तर ऊ आफ्नो लक्ष्यबाट कहिल्यै पनि भड्कनु हुँदैन । दु:खी, पीडित मानव सेवा नै मोक्षको द्वार खोल्ने माध्यम हो । आफ्नो जीवन व्यापार सम्पन्न गर्दै सांसारिक इच्छाहरुको दमन र नानाप्रकारका अभावहरुबाट सन्तप्त मावताको प्रति श्रद्धाजनित नमस्कार नै विश्वकल्याणको मार्ग हो । जैन धर्मको समस्त चिन्तन र शास्त्रको केन्द्रबिन्दु मनुष्य हो, जसलाई सांसारिक दु:ख, शोक, सन्ताप, भड्काव आदि व्याधिबाट मुक्ति दिलाउनु छ । जैन भवनमा हाम्रो पहिलो दिन नौलो अनुभवबीच व्यतीत भयो ।

प्रत्येक दिन बिहान प्रवचनको कार्यक्रम सुरु हुन्थ्यो जहाँ श्रोताहरुको राम्रै उपस्थिति हुन्थ्यो । हाम्रो प्रवासको चौथो दिन अर्थात् ११ मार्च शनिबार हाम्रो प्रवचन कार्यक्रम हुन सकेन, किनभने शनिबारको दिन हाम्रो मौनव्रत थियो । त्यो दिन सानो मुनिले प्रवचन समाप्त भएपछि नेपाल जैन समाजका सबै सदस्यहरु उपस्थित हुन्थे र उहाँहरुले सल्लाह दिनुभयो- नेपालमा शनिबारको दिन छुट्टीको दिन हुन्छ । नेपाल प्रवासभरि मौनव्रत राख्नु श्रद्धालुहरुका लागि उपयुक्त नहुन सक्छ । अत: हामीले मौनव्रतका लागि शनिबारको बदला अरु दिन छान्नु थियो । हामीले उहाँहरुको प्रार्थनालाई स्वीकार गऱ्यौं र शनिबारको दिनको साटो अन्य दिनमा मौनव्रत राख्ने निर्णय गऱ्यौं ।